# नेपाल धितोपत्र बोर्ड

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

लोक सेवा आयोगबाट मिति २०७५/६/५ मा प्राप्त सहमति अनुसार यस बोर्डमा रिक्त रहेका देहायका पदहरु खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ। दरखास्त फाराम रु. १००।- (एकसय) तिरी बोर्डको कार्यालयको प्रशासन शाखाबाट प्राप्त गरी निर्दिष्ट स्थानमा हालै खिचिएको पासपोर्ट साईजको फोटो टाँस गरी दरखास्त साथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि एक एक प्रति तयार गरी नोटरी पब्लिकबाट प्रमाणित गराई बोर्डको कार्यालय, जावलाखेलमा बुझाउनु पर्नेछ। सरकारी, गैरसरकारी वा अन्य कुनै पनि संगठित संस्थामा कार्यरत उम्मेदवारले दरखास्त साथ सम्बन्धित संस्थाको स्वीकृति समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। परीक्षा दस्तुर रकम नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको नेपाल धितोपत्र बोर्डको चल्ती खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ। दरखास्त बुझाउने अन्तिम दिन विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन दरखास्त बुझाउन सकिनेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७५/७६ | उप कार्यकारी निर्देशक | अधिकृत प्रथम श्रेणी | | खुला | १(एक) |
| २. | ०२/०७५/७६ | उप कार्यकारी निर्देशक | अधिकृत प्रथम श्रेणी | | महिला | १(एक) |
| ३. | ०३/०७५/७६ | निर्देशक | अधिकृत द्वितीय श्रेणी | प्रशासन | खुला | १(एक) |
| ४. | ०४/०७५/७६ | निर्देशक | अधिकृत द्वितीय श्रेणी | प्रशासन | मधेसी | १(एक) |
| ५. | ०५/०७५/७६ | निर्देशक | अधिकृत द्वितीय श्रेणी | प्रशासन | दलित | १(एक) |
| ६. | ०६/०७५/७६ | निर्देशक | अधिकृत द्वितीय श्रेणी | कानुन | महिला | १(एक) |
| ७. | ०७/०७५/७६ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | खुला | २(दुई) |
| ८. | ०८/०७५/७६ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | महिला | १(एक) |
| ९. | ०९/०७५/७६ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | आ.ज. | १(एक) |
| १०. | १०/०७५/७६ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | मधेसी | १(एक) |
| ११. | ११/०७५/७६ | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | लेखा | खुला | १(एक) |
| १२. | १२/०७५/७६ | बरिष्ट सहायक | सहायक प्रथम श्रेणी | प्रशासन | खुला | १(एक) |
| १३. | १३/०७५/७६ | सहायक | सहायक द्वितीय श्रेणी | प्रशासन | मधेसी | १(एक) |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** काठमाडौं।

**दरखास्त बुझाउने स्थानः-** नेपाल धितोपत्र बोर्डको कार्यालय, जावलाखेल।

**संलग्न गर्नुपर्ने कागजातहरु :-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाण पत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी संलग्न गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ। अनुभव आवश्यक पर्ने पदहरुका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफुले काम गरेको कार्यालय/संस्थाको प्रमूखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७५/७/१५ र दोब्बर दस्तुर तिरी २०७५/७/२५ सम्म बुझाउन सकिनेछ।

**उम्मेदवारको उमेरको हदः-**

- अधिकृत प्रथम श्रेणी र द्वितीय श्रेणीका पदहरुको हकमा २०७५/७/१५ सम्म २१ वर्ष उमेर पुरा भै ४० वर्ष ननाघेको ।
- अधिकृत तृतीय श्रेणीका पदहरुको हकमा २०७५/७/१५ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- सहायक प्रथम र द्वितीय श्रेणीका पदहरुको हकमा २०७५/७/१५ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**तलव तथा सेवा,सुबिधाः-** बोर्डको नियम अनुसार।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायम भए पश्चात् प्रकाशित गरिनेछ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ। एउटै पदको एकभन्दा बढी समूहका विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ।

| श्रेणी | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| अधिकृत प्रथम | रु. ३,०००।- (तीन हजार) | रु.२००।- (दुई सय) |
| अधिकृत द्वितीय | रु. २,५००।- (दुई हजार पाँच सय) | रु.२००।- (दुई सय) |
| अधिकृत तृतीय | रु. २,०००।- (दुई हजार) | रु.२००।- (दुई सय) |
| सहायक प्रथम | रु. १,५००।- (एक हजार पाँच सय) | रु.२००।- (दुई सय) |
| सहायक द्वितीय | रु. १०००।- (एक हजार) | रु.२००।- (दुई सय) |

## आवश्यक न्यूनतम योग्यता:

१. **अधिकृत प्रथम श्रेणी, उप कार्यकारी निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा बाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट

उपाधि हासिल गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम स्थापित भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था वा पूँजी बजार, बैंक, वित्तीय, बीमा वा कानुन सम्बन्धी काम गर्ने संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा सात वर्षको कार्य अनुभव आवश्यक पर्नेछ ।

२. **अधिकृत द्वितीय श्रेणी, प्रशासन सेवा, निर्देशक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा बाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट उपाधि हासिल गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम स्थापित भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था वा पूँजी बजार, बैंक, वित्तीय, बीमा वा कानुन सम्बन्धी काम गर्ने संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको कार्य अनुभव आवश्यक पर्नेछ ।

३. **अधिकृत द्वितीय श्रेणी, कानुन सेवा, निर्देशक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम स्थापित भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था वा पूँजी बजार, बैंक, वित्तीय, बीमा वा कानुन सम्बन्धी काम गर्ने संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष कार्य अनुभव आवश्यक पर्नेछ ।

४. **अधिकृत तृतीय श्रेणी, प्रशासन सेवा, सहायक निर्देशक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा बाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट उपाधि हासिल गरेको हुनुपर्ने ।

५. **अधिकृत तृतीय श्रेणी, लेखा सेवा, सहायक निर्देशक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषय लिई स्नातकोत्तर उत्तीर्ण गरेको वा स्नातकोत्तर सरहको चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट उत्तीर्ण गरेको हुनुपर्ने ।

६. **सहायक प्रथम श्रेणी, प्रशासन सेवा, बरिष्ठ सहायक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन वा बाणिज्य मूल विषय लिई कानुन वा सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने ।

७. **सहायक द्वितीय श्रेणी, प्रशासन सेवा, सहायक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु संलग्न गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

## द्रष्टव्य

१. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
२. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।
३. एउटै पदको एक भन्दा बढी समूहमा फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि छुट्टा छुट्टै दरखास्त फाराम भर्नुपर्नेछ साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ ।
४. एक भन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरुले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको १/१ प्रति मात्र बुझाए पुग्नेछ ।
५. दरखास्त पेश गर्ने उम्मेदवारहरुले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको नेपाल धितोपत्र बोर्डको चल्ती खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।
६. अनुभव आवश्यक पर्ने विज्ञापनको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पुरा भएको हुनपर्नेछ ।
७. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
८. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
९. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ ।
१०. कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।
११. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
१२. पाठ्यक्रम बोर्डको वेबसाइट www.sebon.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**बरिष्ठ सहायक, सहायक प्रथम श्रेणी (प्रशासन) पद संख्या १ को कार्य क्षमता मुल्यांकनबाट हुने बढुवाको सूचना बोर्डको सूचना पाटी र वेभसाइट** www.sebon.gov.np **राखिएको छ ।**

2067/6/29

सदस्य सचिव
पदपूर्ति समिति